# गाउँ कार्यपालिकाको कार्यालय

कुरिनटार, चितवन

३ नं. प्रदेश, नेपाल

# वालीका विकास सम्बन्धी कार्यविधि, २०७५

मातृ तथा नवजात शिशु मृत्यु कम गर्नका लागि यस गाउँपालिका भित्र रहेका स्वास्थ्य तथा उपस्वास्थ्य चौकीमा गइ सुरक्षित रुपमा बच्चा जन्माउने संस्कारको विकास गर्न तथा गर्भावस्थामा लिंग पहिचान गरी हुने भ्रुण हत्या कम गर्न र बालिकाको चौतर्फी विकासलाई ध्यानमा राखी वालीका विकास कार्यक्रम थालनी गरिएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

१.१) यस कार्यबिधिको नाम **"बालीका विकास सम्बन्धि कार्यविधि २०७५"** रहनेछ ।

१.२) यो कार्यबिधि २०७५ वैशाख महिनादेखी यस गाउँपालिका भित्रका स्वास्थ्य तथा उप-स्वास्थ्य केन्द्रमा जन्मने बालीकाको हकमा लागु हुनेछ ।

**२. परिभाषा :**

बिषय वा प्रसँगले अर्को अर्थ नलागेमा यस कार्यबिधिमा,

क) **"अस्पताल"** भन्नाले यस गाउँपालिका भित्रका स्वास्थ्य उप-स्वास्थ्य केन्दलाई सम्झनु पर्दछ ।

ख)**"सुत्केरी"** भन्नाले यस गाउँपालिका भित्रका स्वास्थ्य संस्था अन्तर्गतका वर्थिङ्ग सेन्टरहरुवाट प्रसुति सेवा लिने सुत्केरी महिलालाई सम्झनु पर्दछ ।

ग) **"कार्यबिधि निर्देशिका"**भन्नाले बर्थिङ्ग सेन्टरहरुमा जन्मने बालीकाहरुको लागि खडा गरिएको कोष सञ्चालन गर्न यस गाउँपालिकाबाट जारी गरेको निर्देशिका सम्झनु पर्दछ ।

घ) **"बालीका"** भन्नाले यस गाउँपालिका भित्रका स्वास्थ्य संस्था अन्तर्गतका वर्थिङ्ग सेन्टरहरुमा जन्मने वालीका सम्झनु पर्छ ।

ङ) **"अभिभावक"** भन्नाले यस कार्यविधिले समेटेका बालीकाका बाबु आमा र बाबु आमा नभएमा एकाघरको सदस्यलाई जनाउनेछ ।

**३. बालीका विकास सम्बन्धी कार्यक्रमबाट उपलब्ध गराईने सहयोग रकम सम्बन्धि शर्तहरुः**

क) यस गाउँपालिका भित्रका स्वास्थ्य संस्था अन्तर्गतका वर्थिङ्ग सेन्टरहरुबाट जन्मेको र सो सम्बन्धमा सम्बन्धित स्वास्थ्य तथा उपस्वास्थ्य केन्द्र प्रमुखबाट सिफारीस भइ आएको हुनुपर्ने ।

ख) यस गाउँपालिकावाट तोकिएको बैंकमा खाता सञ्चालन गरेको हुनुपर्ने ।

ग) गाउँपालिकाबाट उपलब्ध गराइएको रकम सम्बन्धित बालिका र अभिभावकको संयुक्त दस्तखत चल्ने गरी बैंकमा मुद्धति खाता खोली जम्मा गर्नुपर्नेछ तथा सम्बन्धीत वालीका १६ वर्ष पुगे पश्चात मात्र सो बालीका विकास कार्यक्रम अन्तर्गत गाउँपालिकाबाट उपलब्ध गराइएको रकम झिक्न पाइनेछ ।

**४) खाता सञ्चालन सम्वन्धी व्यवस्था**

क)सम्वन्धीत बालीका र निजको अभिभावकको संयुक्त दस्तखतमा खाता सञ्चालन गर्नुपर्नेछ ।

**५). बर्थिङ्ग सेन्टरहरुबाट जन्मने वालीकालाई सहायता रकम उपलब्ध गराउने समिती**

यस गाउँपालिका भित्रका स्वास्थ्य संस्था अन्तर्गतका वर्थिङ्ग सेन्टरहरुमा जन्मने वालीकालाई उपलब्ध गराइने वालीका विकास कार्यकम सम्वन्धी विविध विषयमा निर्णय गर्न देहाय बमोजिमको समितिले निर्णय गर्नेछ ।

(क) गाउँपालिकाको अध्यक्ष - अध्यक्ष

(ख) गाँउपालिकाको उपाध्यक्ष - सदस्य

(ग) प्रमुख प्रशासकिय अधिकृत - सदस्य

(घ) लेखा शाखा प्रमुख - सदस्य

(ङ) स्वास्थ्य शाखा प्रमुख - सदस्य सचिव

**६). वर्थिङ्ग सेन्टरहरुमा जन्मने वालीकाको लागि उपलब्ध गराइने रकमको कोष सम्बन्धि व्यवस्था:**

यस इच्छाकामना गाउँपालिकाको आ.व. २०७५।०७६ को गाउँ सभाको निर्णय अनुसार विनियोजित बजेट बमोजिम कार्यकमको सुरुवात गरिनेछ। सो कोषबाट प्रत्येक बालीकालाई रु १०,००० (दस हजार) रुपैया मात्र उपलब्ध गराइनेछ। यसलाई व्यवस्थित गर्नका लागि छुट्टै बालीका विकास कोष खडा गरि तथा सो कोष सञ्चालन गर्ने कोष ऐनको व्यवस्था गरी यस कार्यकमलाई व्यवस्थित गरिनेछ। सो कोषबाट प्रत्येक बालीकालाई रु १०,००० (दस हजार) रुपैया मात्र उपलब्ध गराइनेछ।

**७) बर्थिङ्ग सेन्टरहरुबाट जन्मने वालीकालाई सहायता रकम उपलब्ध गराउने समितीको काम, कर्तव्य र अधिकार**

क) यस कार्यकम अन्तर्गत सेवा पाएका सेवाग्राहिको अभिलेख राख्ने।

ख) बालीका विकास कोषलाई परिचालन र अध्यावधिक गरी राख्ने। साथै सो कोषमा निरन्तर मौज्दात जम्मा गर्नका लागि आवश्यक पहल गर्ने।

ग) सो कार्यकम सम्बन्धमा चौमासिक रुपमा गाउँ कार्यपालिकालाई जानकारी गराउने र कोषमा हुनुपर्ने न्यूनतम मौज्दात रकम राखि राख्न विशेष व्यवस्था मिलाउने।

घ) आवश्यकता अनुसार अन्य विशेष परिस्थिति र भवितव्य परेमा सो लाई सुल्भाउन निर्णय लिने।

**८. अनुगमन सम्बन्धि व्यवस्था :**

बालिका विकास कार्यकमबाट लाभान्वित हुने बालिकाहरुको हक, हितको संरक्षणका लागि यस इच्छाकामना गाउँपालिका अन्तर्गत रहेको अनुगमन तथा मूल्यांकन समितिले अनुगमन गर्नेछ।

**९. कारवाही हुने:**

यस कार्यविधि विपरित कार्य गर्ने गराउने कुनै पनि ब्यक्ती समुह वा यसै कार्यबिधि बमोजिम गठित समिती, समितीका पदाधिकारी वा सदस्यहरुलाई समेत प्रचलित कानून वमोजिम कारवाही हुनेछ। गलत कागजात राखी लाभान्वित भएको प्रमाणीत भएमा प्रचलित कानून वमोजिम कारवाही हुनेछ, उपलब्ध गराइने रकम दिईने छैन, दिई सकेको रकम फिर्ता गरिनेछ साथै सहायता बापतको कुनै पनि सेवा उपलब्ध गराईने छैन।

**१०) बालिका विकास कार्यकममाबाट लाभान्वित हुन पेश गर्नु पर्ने कागजातहरु :**

१. स्वास्थ्य चौकीमा जन्मेको प्रमाण पत्र र सम्बन्धित स्वास्थ्य चौकीको सिफारीस,

२. जन्म दर्ताको प्रतिलिपि,

३. अभिभावकको नागरिकताको प्रतिलिपि,

४. वैंक खाता खोलेको विवरण,

५. रु १०।- को हुलाक टिकट टाँस गरिएको सम्बन्धित ब्यक्तिको निवेदन।

**बालीका विकास कार्यक्रममा सहभागि हुनका लागि कार्यालयमा दिइने निवेदनको नमुना**

मिति :-

श्रीमान् गाउँपालिका प्रमुख/प्रमुख प्रशासकीय अधिकृत ज्यू,

इच्छाकामना गाउँपालिका,

गाउँकार्यपालिकाको कार्यालय, कुरिनटार चितवन ।

विषय :- **बालीका विकास कार्यक्रममा सहभागि हुने सम्बन्धमा**

महोदय,

प्रस्तुत विषयमा मेरो छोरी ............................................ मिति ...........................मा यस इच्छाकामना गाउँपालिकाको .................................स्वास्थ्य चौकीमा जन्मिएको व्यहोरा अवगत गराउँदछु/छौं । सो सम्बन्धमा यस गाउँपालिकाको नियमानुसार उपलब्ध हुने सुविधा उपलब्ध गराइ दिनु हुन अनुरोध गर्दछु । साथै तपसिलका कागजातहरु यसैसाथ संलग्न राखि पेश गर्दछु/गर्दछौं ।

**<u>तपसिल</u>**

१. स्वास्थ्य चौकीमा जन्मेको प्रमाण पत्र र सम्बन्धित स्वास्थ्य चौकीको सिफारीस,
२. जन्म दर्ताको प्रतिलिपि,
३. अभिभावकको नागरिकताको प्रतिलिपि,
४. बैंक खाता खोलेको विवरण,
५. रु १०।- को हुलाक टिकट टाँस गरिएको सम्बन्धित व्यक्तिको निवेदन ।

**निवेदक**

नामः

ठेगानाः

हस्ताक्षरः